
क्षयरोगको
IOM

# सुरक्षित, व्यवस्थित र सम्मानित आप्रवासन

भारतसँग नेपालको सिमाना खुला हुँदाहुँदै पनि नेपाल सरकारले नेपाल प्रवेशका लागि १६ सीमानाका तोकेको थियो । लुम्बिनी प्रदेशमा रहेको कपिलवस्तु जिल्लाको कृष्णनगर यी १६ मध्येको एक हो ।

यसरी तोकिएका सीमानाकामा हेल्थ डेस्क, क्वारेन्टाईन र आइसोलेसनका लागि केन्द्रहरु बनाएका थिए । कृष्णनगरको हकमा, त्यहाँ रहेको हेल्थ डेस्कलाई स्वास्थ्य कार्यकर्ताको टोलीले सहयोग गरिरहेको थियो जसको नेतृत्व सुरेश चौधरीले गरेको थिए । सुरेश (वर्ष ३२) हेल्थ डेस्क मा परिचालन हुनुअघि विद्यानगर स्वास्थ्य चौकीमा कार्यरत थिए । तर जसै कोभिड–१९ महामारीले सबैलाई आक्रान्त बनाउन थाल्यो, सरकारले आफूसँग भएका सबै जनशक्तिलाई परिचालन गऱ्यो । तर यसरी परिचालन हुने धेरैलाई यस्तो महामारीको सामना गरेको अनुभव थिएन, र सुरेश पनि यस मामिलामा अनभिज्ञ नै थिए ।

सुरेशले कोभिड–१९, सुरक्षा तथा चिकित्सकीय उपकरणको प्रयोग, सङ्क्रमण रोकथाम तथा नियन्त्रणका विधि तथा अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (२००५) का बारेमा तालिम लिने मौका पाएका थिए । उक्त तालिम कोभिड–१९ को प्रतिकार्यमा काम गर्ने सवालमा एकदमै सहयोगी भएको जिकिर सुरेश गर्छन् । उनी भन्छन्, "तालिमले मलाई कोभिड–१९ का साथै भविष्यमा हामीले सामना गर्नसक्ने अन्य महामारीका लागि अझै सबलताका साथ तयार हुने अवसर दियो ।"

हेल्थ डेस्क को इन्चार्जको रुपमा सुरेशको जिम्मेवारी पनि बढेको छ । कृष्णनगरको सिमानाका हुँदै नेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिको कोभिड–१९ को परीक्षण गर्ने र आवश्यक भएमा उनीहरुलाई क्वारेन्टाईनमा प्रेषण गर्ने अभिभारा सुरेशको काँधमा छ । तर यसका लागि उनले उनका सहकर्मी, अन्य स्वास्थ्य कार्यकर्ताको साथ सहयोग पनि राम्रै पाएका छन् । यो लडाइँमा सुरेश एक्लो छैनन् । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) ले खटाएको जनस्वास्थ्यकर्मीले पनि उनलाई कोभिड–१९ का केसहरुको अनुगमन तथा निगरानी गर्न तथा स्वास्थ्य सहायता केन्द्रमा कोभिड–१९ सम्बन्धी प्रोटोकलको पालना गर्ने सम्बन्धमा सहयोग गर्दै आएका छन् ।

युरोपेली आयोग, युरोपेली नागरिक संरक्षण र मानवीय सहायता सञ्चालनका लागि महानिर्देशनालयको आर्थिक सहयोगमा सञ्चालित परियोजनामार्फत अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले कोभिड–१९ को सङ्क्रमणको डर त्रासबीच आफ्नो कामलाई सहज तरिकाले अघि बढाउन सहयोग गर्ने हेतुले सुरेशजस्ता स्वास्थ्यकर्मीहरु उल्लेखनीय सहयोग गरेको छ । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले स्वास्थ्य, जोखीम सञ्चार तथा सामुदायिक सहभागिता, मानव अधिकार तथा अन्तर्राष्ट्रिय सिमानाकाहरुप्रति राज्यको दायित्व, लैङ्गिक रुपमा संवेदनशील जाँच परीक्षण तथा सुरक्षाका संयन्त्रहरु र मनोवैज्ञानिक प्राथमिक उपचारसम्बन्धी क्षमता अभिवृद्धि तालिम पनि प्रदान गरेको थियो । सुरेश र तालिममा सहभागी अन्यका लागि यस्तो प्रकारको तालिम पहिलो थियो जसले सङ्कटको समयमा उनीहरुको आत्मविश्वास र मनोबल बढाउन ठूलो योगदान दिएको थियो । स्वास्थ्य सहायता कक्षमा कार्यरत कर्मचारीहरुको सुरक्षाको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले मास्क, स्यानिटाइजर, परिक्षण किटजस्ता व्यक्तिगत सुरक्षा उपकरण पनि उपलब्ध गराएको थियो ।

कृष्णनगरको सिमा नाकामा आइपुग्ने आप्रवासीहरुको सुविधाका लागि स्वास्थ्य सहायता कक्षमा एलइडी सूचना पाटी, सफा खानेपानी तथा हात धुने सुविधा, इन्टरनेट सेवा, स्तनपान कक्ष र थकाइ मार्नका लागि आराम गर्ने स्थानको व्यवस्था पनि मिलाइएको छ । यस्ता उपकरणका साथै स्वास्थ्यकर्मीहरुको ज्ञान र मनोबल बढाउने गरी दिइएको तालिमले स्वास्थ्य सहायता कक्षको सेवामा सुधार गर्न सहयोग पुगेको छ । साथै, डिगनिटी किट, मर्कामा परेका आप्रवासीका लागि खाजा खर्च तथा गाडी भाडाको उपलब्धताले पनि यो क्षेत्रमा आप्रवासनलाई सुरक्षित बनाउन ठूलो भूमिका खेलेको छ ।

स्वास्थ्यकर्मीहरुको लगनका साथै अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनको सहयोगले आप्रवासीहरुको यात्रालाई सहज बनाएको छ भने कोभिड–१९ महामारीलाई थप फैलिन नदिनका लागि सरकारले गरेका प्रयासहरुमा उल्लेखनीय सहयोग पनि गरेको छ ।